आई.एल.एफ.सि.ओ.माइक्रोफाईनान्स वित्तीय संस्था लि.
चावहिल, काठमाडौं
मिति २०७३ साल फागुन २२ गते आईतबार सम्पन्न भएको
पाँचौं वार्षिक साधारणसभाको निर्णय (माईन्युट) विवरण :

१. **प्रारम्भिक :**
आई.एल.एफ.सि.ओ.माइक्रोफाईनान्स वित्तीय संस्था लि. को मिति २०७३/१०/१२ गते बसेको सञ्चालक समितिको ९४ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३ तथा कम्पनीको नियमावलीमा तोकिए बमोजिमको कम्पनीको पाँचौं वार्षिक साधारण सभा कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री गोविन्द गुरुङ्ज्यूको सभापतित्वमा पुर्वसूचित विषयहरुमा छलफल र निर्णय भई देहाय बमोजिम सु-सम्पन्न भयो ।

२. **सभाको मिति, समय र स्थान :**
मितिः- २०७३ फागुन २२ गते आईतवार (तदनुसार मार्च ५, २०१७) ।
समयः- विहान १०:०० बजे ।
स्थानः- सि.डब्लु, क्याफे, कमलादि, काठमाडौं ।

३. **सभाको सूचना :**
कम्पनी ऐन, २०६३ को दफा ६७(२) बमोजिम लघुवित्त वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभा हुने स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई पहिलो पटक मिति २०७३/१०/२७ गते आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा र दोश्रो पटक मिति २०७३/११/३ गते आर्थिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **उपस्थिति :**
कम्पनीको पाँचौं वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरु, सञ्चालकहरु, बैकिङ्ग विज्ञहरु तथा व्यवस्थापकीय कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

४.१ **सञ्चालकहरुको उपस्थितिः**

१. गोविन्द गुरुङ्ग - अध्यक्ष
२. प्रसिद्ध राज अर्याल - संचालक
३. सचिन नेवा - संचालक
४. कृष्ण प्रसाद अधिकारी - संचालक
५. युवराज गुरागाईं - कम्पनी सचिव

४.२ **पर्यवेक्षक, बैकिङ्ग विज्ञहरु, आमन्त्रित एवं पदाधिकारी :**

१. श्री बलराम पौडेल प्रमुख कार्यकारी अधिकृत

२.	श्री सुमन कुमार दाहाल	अधिकृत
३.	श्री भवानी धिताल	क.अधिकृत
४.	श्री मनोज दानी	ब.सहायक
५.	श्री पुरुषोत्तम श्रेष्ठ	ब.सहायक
६.	श्री कपिल गौतम	सहायक
७.	श्री रोजिना श्रेष्ठ	क.सहायक
८.	श्री बन्दना सिलवाल	क.सहायक
९.	श्री सविता दुलाल	क.सहायक
१०.	श्री सुस्मिता घिमिरे	क.सहायक
११.	श्री अनुज कुमार रिमाल	प्रतिनिधि, नेपाल धितोपत्र बार्ड
१२.	श्री पराग विष्ट	प्र.का.अ., सिभिल क्यापिटल लिमिटेड
१३.	श्री केदार कोइराला	निर्वाचन अधिकृत (अधिवक्ता)

४.३ <u>गणपूरक संख्या</u> (कम्पनी ऐन, २०६३ को दफा ७३ बमोजिम) :

शेयर तथा शेयरधनी	जम्मा	स्वयं उपस्थिति	प्रतिनिधि मार्फत	जम्मा उपस्थिति	कूल प्रतिनिधित्व प्रतिशतमा
शेयर संख्या	१०,००,०००	४,६३२	५,१२,६६१	५,१७,२९३	५१.७३%
शेयरधनी संख्या	२०,७८१	१३१	९	१४०	०.६७%

५. <u>सभामा प्रस्तुत छलफलका विषयहरु</u> :

(क) साधारण प्रस्तावहरु:

१. संचालक समितिको वार्षिक प्रतिवेदन २०७२/०७३ उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित सम्वत् २०७३ आषाढ मसान्तसम्मको वासलात, मिति २०७२/०४/०१ देखि २०७३/०३/३१ गते सम्मको नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरुमा छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ दफा १११ अनुसार आर्थिक वर्ष २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनको लागि प्रतिशेयर ०.२६% नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।

५. वित्तीय संस्थाको नियमावली अनुसार सर्वसाधारण शेयरधनीहरुको (समुह "ख") को तर्फबाट पद संख्या १ (एक) जना संचालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरु :

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्तापूँजीको ५ प्रतिशत बोनस शेयर स्वीकृत गर्ने ।

२. वित्तीय संस्थाको नाम परिवर्तन गर्ने, बोनस शेयर जारी भए पश्चात सोही हदसम्म बैंकको जारी पूँजी तथा चुक्ता पूँजी बृद्धि गर्न प्रबन्ध पत्र तथा नियमावली संशोधनको प्रस्तावलाई स्वीकृति प्रदान गर्ने ।

३. प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन अभिलेख गर्ने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्धपत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन बमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदानगर्ने सम्बन्धमा ।

(ग) **विविध ।**

६. **<u>सभाको कारवाही र बैधानिकता</u>** :

सर्वप्रथम कम्पनी सचिव श्री युवराज गुरागाईंले यस वित्तीय संस्थाको पाँचौं वार्षिक साधारण सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्नु हुदै साधारण सभा सञ्चालनको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) बमोजिम गणपूरक संख्या पुग्नको लागि कूल शेयर संख्याका पचास प्रतिशत भन्दा बढी आवश्यक हुने भन्ने प्रावधान बमोजिम गणपुरक संख्या पुगिसकेकाले उहाँले सभा संचालन गर्न अनुमतिका लागि संस्थाका अध्यक्ष श्री गोविन्द गुरुङ्ग ज्यूलाई अनुरोध गर्नुभयो ।

८. **<u>सभापतिज्यूको आसन ग्रहण तथा स्वागत मन्तब्य</u>** :

साधारण सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७४(१) र वित्तीय संस्थाको नियमावली बमोजिम सञ्चालक समितिको अध्यक्षले नै साधारणसभाको सभापतित्व गर्ने प्रावधान अनुरुप यस वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री गोविन्द गुरुङ्गज्यूले सभापतिको आसन ग्रहण गर्नुभयो र वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री बलराम पौडेलज्यूले उपस्थित शेयरधनी तथा आमन्त्रित महानुभावहरुलाई वित्तीय संस्थाको तर्फबाट स्वागत गर्नुभयो ।

९. **<u>वार्षिक प्रतिवेदन प्रस्तुति</u>** :

सञ्चालक समितिको तर्फबाट अध्यक्ष श्री गोविन्द गुरुङ्गज्युले पाँचौं वार्षिक साधारणसभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत प्रतिवेदन वाचन गरी सभा समक्ष प्रस्तुत गर्नुभयो ।

१०. **<u>छलफलमा विचार प्रकट गर्नुहुने शेयरधनी तथा बैकिङ विज्ञहरु</u>** :

(क) **<u>शेयरधनी</u>** :

१) श्री उद्धव प्रसाद घिमिरे
२) श्री नरसिंह लाल चंखू
३) श्री चन्द्र नारायण श्रेष्ठ
४) श्री डमरु वल्लभ घिमिरे
५) श्री शिव प्रसाद पौडेल

११. <u>छलफलमा शेयरधनी तथा बैकिङ्ग विज्ञहरुबाट व्यक्त गर्नु भएको मन्तव्य, राय तथा सुझावहरुको मुलभूत आशयहरु निम्न बमोजिम रहेका छन्</u> :

<u>शेयरधनीको तर्फबाट</u>

१) **श्री उद्धव प्रसाद घिमिरे**

श्री उद्धव प्रसाद घिमिरेले यस वित्तीय संस्थाको वासलात गत वर्षको तुलनामा राम्रो देखाएको तथा ५ प्रतिशत बोनश शेयर दिन सफल भएकोमा धन्यवाद दिनुभयो । वार्षिक प्रतिवेदनमा छुटेका कुराहरुलाई आगामी दिनमा सुधार गर्दै जान पनि सुझाव दिनुभयो । पाईचार्ट/भर्टिकल चार्टको व्यवस्था गरे व्यवसाय वृद्धि स्पष्ट देखिने तथा लघुवित्तको सिद्धान्तलाई पालना गर्दै व्यवसायको आकारलाई पनि अभिवृद्धि गर्दै लानुपर्ने सुझाव दिनुभयो । राम्रो प्रगति हासिल गर्ने शाखाहरुलाई पुरस्कृत गर्ने परिपाटिको विकास गर्न सुझाव दिनुभयो । नेपाल राष्ट्र बैंकलाई पठाईएको जवाफ प्रतिवेदनमा राख्ने व्यवस्था भएमा अझ राम्रो हुने समेत प्रस्ट्याउनु भयो । साथै आगामी वर्षमा उचित लाभांश पाईयोस् भन्ने धारणा व्यक्त गर्नुहुँदै उत्तरोत्तर प्रगतीको कामना गर्नुभयो ।

२) **<u>श्री नरसिंह लाल चंखू</u>**

श्री नरसिंह लाल चंखूले यस वित्तीय संस्थाको वासलात राम्रो देखाएको तथा नाफा वृद्धि गर्दै अझ बढी प्रतिफल दिनुपर्ने सुझाव दिनुभयो । साथै सि.डि. रेसियोलाई साईजमा ल्याउन प्रयास गर्नुपर्ने देखिन्छ तथा सबै शाखाहरु नाफामा जान जरुरी रहेको जानकारी दिनुभयो र अन्तमा व्यवसाय वृद्धि गर्न आवश्यक रणनीति बनाएर जानुपर्ने देखिन्छ भन्नु हुँदै शुभ कामना व्यक्त गर्नुभयो ।

३) **<u>श्री चन्द्र नारायण श्रेष्ठ</u>**

श्री चन्द्र नारायण श्रेष्ठले Spread Rate मा ध्यान दिनुपर्ने तथा अन्य समकालीन लघुवित्तको जत्तिकै उन्नती गर्नको लागि अझ अग्रसर भई अगाडी बढ्नको लागि सुझाव दिनुभयो । साथै यस वार्षिक साधारण सभामा प्रस्तावित ५% बोनस शेयर, १० कित्ता धारण गर्ने शेयरधनीलाई समेत समानुपातिक हिसाबमा १० कित्ता बराबर १ कित्ता दिने व्यवस्था भएमा राम्रो हुने समेत सुझाव दिनुभयो ।

४) **<u>श्री डमरु वल्लभ घिमिरे</u>**

श्री डमरु वल्लभ घिमिरेले शेयरधनीहरुलाई अझ बढि लाभांश दिनको लागि सोही अनुरुप कार्यक्रम विस्तारमा अझ बढी जोड दिनुपर्ने तथा वार्षिक प्रतिवेदनमा राष्ट्र बैंकको प्रत्युत्तर मात्र नभई सर्वधारणहरुको पनि छाप्ने व्यवस्था गर्नुपर्ने सुझाव राख्नु भयो । साथै वहाँले वार्षिक साधारण सभा समयमा नै गर्न सुझाव दिनुभयो ।

५) **श्री शिव प्रसाद पौडेल**

शिव प्रसाद पौडेलले रिजर्भ रेसियो बलियो बनाउनु पर्ने, Spread Rate मा ध्यान दिनुपर्ने तथा सदस्यहरुलाई बीमाको सुविधा दिन सकेमा लघुवित्त कार्यक्रम अझ बढि प्रभावकारी हुने सुझाव दिनुभयो ।

१२. **सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको जवाफ**

छलफलको क्रममा शेयरधनी महानुभाव तथा बैकिङ विज्ञहरुले प्रस्तुत गर्नुभएको जिज्ञासा तथा अमूल्य सुझाव प्रति सञ्चालक समितिका अध्यक्ष तथा सभाका सभापति श्री गोबिन्द गुरुङज्यूले आभार प्रकट गर्नु हुदै यस आई.एल.एफ.सि.ओ. माईक्रोफाईनान्स वित्तीय संस्थालाई निरन्तर रुपमा अघि बढाउन साधारण सभामा शेयरधनी महानुभावहरु तथा विज्ञबाट प्रस्तुत गर्नु भएको महत्वपूर्ण सुझाव र जिज्ञाशाले संस्थालाई नयाँ गति प्राप्त हुने यथार्थलाई उल्लेख गर्दै सञ्चालक समिति शेयरधनीहरुको विश्वासलाई सार्थक बनाउन कटिबद्ध भई अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नु भयो । सञ्चालक समितिका अध्यक्ष श्री गोविन्द गुरुङ ज्यूले साधारणसभामा उठाईएका जिज्ञाशाहरुको सन्दर्भमा निम्नानुसार प्रतिउत्तर प्रस्तुत गर्नु भयो ।

- आगामी बर्ष शेयरधनीहरुलाई उचित प्रतिफल दिन वित्तीय संस्था प्रयत्नशिल रहनेछ ।
- व्यवस्थापनलाई सुदृढ गरिएको छ । कार्यक्षमताको आधारमा मुल्यांकन गर्ने परिपाटिको विकास गरिने छ ।
- वित्तीय संस्थाको Core Value लाई ध्यान दिदैं पारदर्शि तथा नीतिगत व्यवस्थालाई अधिकतम प्रयोग गरिने छ ।
- शाखा विस्तार गर्दै व्यवसाय बृद्धि गरिने भएकोले शुरुवातमा प्रतिफल सोचे जस्तो नभएपनि पछिवाट यस्को परिणाम राम्रो हुनेछ ।
- शेयरधनी तथा विज्ञहरुबाट दिईएका सुझावहरुलाई आत्मसात गरी प्रतिवेदनमा आवश्यक सुधार गरिनेछ ।

साथै, यस वित्तीय संस्थाको कारोवार अभिवृद्धि गरी शेयरधनीहरुलाई आकर्षक एवं उचित प्रतिफल दिन वित्तीय संस्था सदैव प्रतिवद्ध रहेको र शेयरधनी महानुभावहरुको उपरोक्त जिज्ञासा तथा सुझावहरुलाई आगामी दिनमा लागू गर्दै जाने प्रतिवद्धता सञ्चालक समितिको तर्फबाट श्रीमान अध्यक्षज्यूले व्यक्त गर्नु भयो ।

१३.**सभाका निर्णयहरु :**

आजको सभामा शेयरधनी महानुभावहरुले दिनु भएका अमूल्य सुझाव सल्लाहहरुलाई वित्तीय संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिवद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत प्रस्तावहरुलाई क्रमशः पारित गरी दिन कम्पनी सचिवले अनुरोध गर्नु भयो र सोही वमोजिम अध्यक्षज्यूबाट प्रस्तुत देहायमा उल्लेखित प्रस्तावहरु करतल ध्वनीका साथ सर्वसम्मत पारीत/स्वीकृत भयो ।

क) सामान्य प्रस्ताव :

निर्णय नं.१

अध्यक्षज्यूको मन्तव्य सहित सञ्चालक समितिको तर्फबाट प्रस्तुत आ.ब.०७२/७३ को वार्षिक प्रतिवेदन सर्वसम्मतिबाट पारीत भयो ।

निर्णय नं.२

वित्तीय संस्थाको लेखापरीक्षकद्धारा प्रेषित आ.ब.०७२/७३ को वासलात मिति ०७२/४/१ देखि ०७३/३/३१ सम्मको नाफा/नोक्सान हिसाव तथा सोहि अवधिको नगद-प्रवाह विवरण एवं अनुसूचिहरु छलफल गरी सर्वसम्मतिबाट पारीत भयो ।

निर्णय नं.३

वित्तीय संस्थाको सञ्चालक समितिले सिफारिस बमोजिम आ.ब.०७३/७४ को लागि एविएमएस एण्ड एसोसिएट्सका लेखापरीक्षक सि.ए. श्री सन्तोष तिमल्सीनालाई लेखापरीक्षक नियुक्त गर्ने र सञ्चालक समितिको सिफारिस बमोजिम नीजको पारिश्रमिक (Long Form Audit, Tax Audit Certification of Section 78) रु.१००,०००।- (एक लाख मात्र)(भ्याट बाहेक) कायम गर्ने निर्णय सर्व सम्मतिबाट पारीत भयो ।

निर्णय नं.४

संचालक समितिले प्रस्ताव गरे बमोजिम कर प्रयोजनको लागि प्रतिशेयर ०.२६% नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने निर्णय गरियो ।

तत पश्चात् कम्पनी सचिवले निर्वाचन अधिकृत अधिवक्ता श्री केदार प्रसाद कोईराला ज्यूलाई सर्वसाधारण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने रिक्त रहेको १ (एक) जना संचालकको निर्वाचन बारे सभालाई जानकारी गराउन अनुरोध गर्नु भयो । निर्वाचन अधिकृतले सञ्चालकको निर्वाचन बारे सभालाई जानकारी गराउँदै कम्पनीको सञ्चालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने सञ्चालक पद संख्या १(एक) रहेकोमा एक जना उम्मेद्वारको मात्रै मनोनयन दर्ता भएको हुनाले सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने श्री हेमलाल भट्टराईज्यूलाई निर्विरोध निर्वाचित भएको घोषणा गर्नु भयो । तत पश्चात् सभापति महोदयले निर्विरोध निर्वाचित हुनुभएको कम्पनीको नव नियुक्त संचालक श्री हेमलाल भट्टराईज्यू लाई हार्दिक वधाई ज्ञापन गर्नुहुँदै वहाँलाई संचालक समितिमा स्वागत गर्नु भयो ।

ख) विशेष प्रस्ताव :

निर्णय नं.१

संस्थाको सञ्चालक समितिले सिफारिस गरे बमोजिमको ५ प्रतिशत वोनस शेयर सर्वसम्मतबाट पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.२

वित्तीय संस्थाको प्रवन्ध-पत्र तथा नियमावलीमा देहाय बमोजिम संशोधन गर्ने विशेष प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

साविकको व्यवस्था	संशोधन पछि हुने व्यवस्था	संशोधन गर्नुपर्ने कारण
प्रबन्ध-पत्र		
दफा १ : यस कम्पनीको नाम "आईएलएफसिओ माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रजीमा ILFCO Micro Finance Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि "लघु वित्त वित्तीय संस्था लिमिटेड भनि सम्बोधन गरिने छ ।	यस कम्पनीको नाम "सिभिल माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रजीमा Civil Micro Finance Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि "लघु वित्त वित्तीय संस्था लिमिटेड भनि सम्बोधन गरिने छ ।	मातृ संस्था ILFCO मर्ज भई हाल सिभिल बैंक लिमिटेड भएकोले ।
दफा ६ (ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. १०,००,००,०००/- (अक्षेरुपी दश करोड मात्र ।) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरले १०,००,०००/- (दश लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पूँजी रु. १०,५०,००,०००/- (अक्षेरुपी दश करोड पचास लाख मात्र ।) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १०० का दरले १०,५०,०००/- (दश लाख पचास हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।	संस्थाले ५% ले हुने रु. ५०,००,०००/- (पचास लाख) बोनस शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न पाँचौ वार्षिक साधारण सभाबाट निर्णय भएकोले ।
ग) लघु वित्त वित्तीय संस्थाको संस्थापकहरुले तत्काल चुक्ता गर्न कवुल गरेको पूँजी रु.६,००,००,०००/- (अक्षेरुपी छ करोड मात्र) हुनेछ ।	ख) लघु वित्त वित्तीय संस्थाको चुक्ता पूँजी रु. १०,५०,००,०००/- (अक्षरेपी दश करोड पचास लाख मात्र) हुनेछ ।	संस्थाले ५% ले हुने रु. ५०,००,०००/- (पचास लाख) बोनस शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न पाँचौ वार्षिक साधारण सभाबाट निर्णय भएकोले ।
नियमावली		
परिच्छेद-१ **नियम १** : यस कम्पनीको नाम "आईएलएफसिओ माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रजीमा ILFCO Micro Finance Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि "लघु वित्त वित्तीय संस्था लिमिटेड भनि सम्बोधन गरिने छ ।	यस कम्पनीको नाम "सिभिल माइक्रो फाइनान्स वित्तीय संस्था लिमिटेड" हुनेछ र यसलाई अंग्रजीमा Civil Micro Finance Bittiya Sanstha Limited भनिने छ । जसलाई यसपछि "लघु वित्त वित्तीय संस्था लिमिटेड भनि सम्बोधन गरिने छ ।	मातृ संस्था ILFCO मर्ज भई हाल सिभिल बैंक लिमिटेड भएकोले ।
परिच्छेद ३ **नियम ३२** (ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु.	(ख) सञ्चालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले रु. ३,०००/- र अन्य सञ्चालकले	समकालीन लघुवित्त संस्थाहरुको संचालकहरुको बैठक भत्ताको अध्ययन गर्दा

२,०००/- र अन्य सञ्चालकले पाउने प्रति बैठक भत्ता रु. १,५००/- हुनेछ ।	पाउने प्रति बैठक भत्ता रु. २,५००/- हुनेछ ।	तुलनात्मक रुपममा बैठक भत्ता न्युन रहेको पाईएकोले समय र बजार सुहाउँदो भत्ता कायम गर्नका लागि ।

निर्णय नं.३

प्रबन्ध पत्र तथा नियमावलीमा संशोधन अभिलेख गर्ने क्रममा नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, धितोपत्र बोर्ड लगायतका नियमनकारी निकायबाट स्वीकृति लिने/अभिलेख गर्ने क्रममा भए गरेका काम कारवाही वा पुँजी संरचना वा प्रबन्ध-पत्र नियमावलीको संशोधनको सम्बन्धमा नियमनकारी निकायहरुबाट, संशोधन, परिमार्जन तथा थपघट गर्न कुनै निर्देशन प्राप्त भएमा प्राप्त निर्देशन वमोजिम सो समेत मिलाई संशोधन वा परिमार्जन समेतका सम्पूर्ण कार्यहरु समेत गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्न सर्वसम्मत पारित भयो ।

१४.धन्यवाद ज्ञापन तथा सभा विसर्जन :

वित्तीय संस्थालाई प्रगतिको पथमा लैजान सहयोग गर्नु हुने सहकर्मी सञ्चालकहरु, सम्पूर्ण शेयरधनी महानुभावहरु, विभिन्न संघ/संस्था लगायत नियमनकारी निकायबाट पाल्नु हुने महानुभावहरु, साधारणसभा सम्पन्न गर्न सहयोग गर्नु हुने कानूनी सल्लाहकार, शेयर रजिष्ट्रार सिभिल क्यापिटल, धितोपत्र वोर्डका प्रतिनिधि, कर्मचारीहरु तथा सम्बद्ध सवै पक्षलाई सभाका अध्यक्षज्यूले हार्दिक आभार व्यक्त गर्नु हुँदै साधारणसभा सफल बनाई दिनु भएकोमा हार्दिक धन्यवाद दनुभयो ।

तत पश्चात् यस सभाका सभापतिज्यूले दिनको १२:३० बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

युवराज गुरागाईं
(कम्पनी सचिव)

गोविन्द गुरुङ्ग
(अध्यक्ष)